# प्राविधिकधार अध्ययन/तालिम छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७९

कार्यविधि संख्या:-७

स्वीकृति मितिः २०७९/१०/०६

## नरहरिनाथ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

कुमालगाउँ, कालिकोट

कर्णाली प्रदेश, नेपाल

२०७३



CS CamScanner

**प्रस्तावनाः**

नरहरिनाथ गाउँपालिका अन्तर्गत संचालित विभिन्न प्राविधिकधारका विद्यालय वा शिक्षालयहरुमा अध्ययनरत जेहेन्दार, आर्थिक रुपले विपन्न, आदिवासी जनजाती, महिला, दलित, द्वन्दपिडित र अपाङ्ग विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षा प्राप्त गर्नको लागि आर्थिक रुपमा सहज होस भन्ने उदेश्यका साथ नरहरिनाथ गाउँपालिका प्राविधिकधार अध्ययन/तालिम छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७९ बनाई लागु गर्न बान्छनिय भएकोले,

स्थानिय सरकार सञ्चलन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि नरहरिनाथ गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**परिच्छेदः-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम नरहरिनाथ गाउँपालिका **प्राविधिकधार अध्ययन/तालिम छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७९** रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिका अन्तर्गतका प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालय तथा शिक्षालय र ती संस्थाहरुमा प्राविधिक विषयहरु अध्ययन/तालिम गर्ने नरहरिनाथ गाउँपालिकामा स्थायी बसोबास भएका विद्यार्थीहरुलाई मात्र केन्द्रित गरेर तयार गरिएको छ ।

(३) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"विद्यालय वा शिक्षालय"** भन्नाले प्राविधिक विषय अध्ययन अध्यापन हुने शैक्षिक संस्था सम्झनु पर्दछ ।

(ख) **"जेहेन्दार विद्यार्थी"** भन्नाले छात्रवृत्तीको लागि आवेदन दिएका नरहरिनाथ गाउँपालिकाभित्र स्थायी वसोबास भएका विद्यार्थीहरु मध्ये अघिल्लो कक्षामा उच्चतम अंक प्राप्त गरेको विद्यार्थीलाई सम्झनु पर्दछ ।

(ग) **"गाउँपालिका"** भन्नाले नरहरिनाथ गाउँपालिका कालिकोटलाई सम्झनु पर्दछ ।

(घ) **"गाउँ कार्यपालिका"** भन्नाले नरहरिनाथ गाउँपालिका गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ङ) **"प्राविधिक छात्रवृत्ती"** भन्नाले नेपाल सरकारले प्राविधिकधार भनि किटान गरिएको कक्षा १२ वा स्नातक तहसम्म प्राविधिक विषय अध्ययन तथा तालिम गर्ने नरहरिनाथ गाउँपालिकाभित्र स्थायी वसोबास भई नरहरिनाथ गाउँपालिका भित्रकै प्राविधिक विद्यालय वा शिक्षालयमा अध्ययनरत विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्ति सम्झनु पर्दछ ।

(च) **"समिति"** भन्नाले कार्यविधिको दफा ३ बमोजिम गठित छात्रवृत्ति वितरण तथा व्यवस्थापन समिती सम्झनु पर्दछ ।

नरहरिनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुमालगाउँ, कालिकोट कर्णाली प्रदेश, नेपाल २०७४

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

(छ) **"शिक्षा, युवा तथा खेलकुद शाखा"** भन्नाले गाउँपालिकको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

(ज) **"शिक्षा समिति"** भन्नाले गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ ।

(झ) **"गाउँपालिका प्रमुख"** भन्नाले गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

## परिच्छेदः- २

## छात्रवृत्ति व्यवस्थापन तथा वितरण समिति

**३. प्राविधिक छात्रवृत्ति व्यस्थापन तथा वितरण गर्न तपशिल बमोजिमको एक समिति रहनेछः**

(क) गाउँपालिका प्रमुख – संयोजक

(ख) संयोजकले तोकेको गाउँपालिकामा कार्यरत अधिकृतस्तरको कर्मचारी– सदस्य

(ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य सचिव

(घ) समितिले विषय विज्ञको रुपमा वढिमा दुईजना आमन्त्रित गर्न सकिनेछ ।

**४. प्राविधिक छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिको काम कर्तव्य र अधिकारहरुः**

१) प्राविधिक छात्रवृत्ति व्यस्थापन तथा वितरण समितिका काम, कर्तव्य र अधिकारहरु तपसिल बमोजिम हुनेछनः

(क) छात्रवृत्ति वितरणका लागि प्राविधिक विषय अध्ययनरत वा विद्यालय छाडेका विद्यार्थीहरुलाई आवेदन दिन अनुसुचि-१ बमोजिमको ढाँचामा फाराम भर्न सुचना प्रकाशन गर्ने ।

(ख) सुचना प्रकाशन पश्चात फाराम भर्ने विद्यार्थीहरुका कागजात तथा प्रमाण पत्रहरु रुजु गर्ने ।

(ग) छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थी छनौट गर्ने ।

(घ) सम्वन्धित विद्यालय वा शिक्षालयको खातामा छात्रवृत्ति रकम निकासाको लागि शिक्षा, युवा तथा खेलकुद शाखालाई सिफारिस गर्ने ।

## परिच्छेदः- ३

## छात्रवृत्ति प्रदान गर्ने विद्यार्थी छनौटका प्रक्रियाहरु

**५. प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थी छनौट गर्दा तपसिल बमोजिमका प्रक्रियाहरु अपनाउनु पर्नेछः**

(क) प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति प्राप्त गर्नको लागि गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा वा विषयगत शाखाले निवेदन सहित फाराम भर्न आव्हान गरि अनुसुचि-२ बमोजिमका आधारहरु सहित सुचना प्रकाशन गर्ने,

(ख) विद्यार्थीबाट प्राप्त निवेदन अनुसुचि-२ बमोजिमका आधार बमोजिम हुने गरि छुट्टा छुट्टै दर्ता गर्ने,

(ग) दर्ता भएका निवेदन, विद्यार्थीका कागजात तथा प्रमाण पत्रहरु रुजु गर्ने,

(घ) दफा (ख) र (घ) बमोजिमका विद्यार्थीहरुका विवरण र प्रमाणित कागजातको आधारमा अनुसुचि-३ अनुसारको ढाँचामा विद्यार्थीहरुलाई अङ्क प्रदान गर्ने,



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

(ङ) प्राप्त गरेको अङ्कका आधारमा योग्यता क्रम तयार गर्ने,

(च) तयार गरिएको योग्यताक्रम समितिमा पेश गर्ने र समितिले छात्रवृत्तिका लागि विद्यार्थीको छनौट गर्ने,

(छ) गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले छनौट भएका विद्यार्थी अध्ययनरत विद्यालय वा शिक्षालयको खातामा एकमुष्ठ रुपमा छात्रवृत्ति रकम निकासा गर्ने र छनौट भएको विद्यार्थीको नाम नामेसि तथा रकम सहितको निकासा पत्र समेत दिने,

(ज) रकम प्राप्त भएपछि विद्यालय वा शिक्षालयले सम्बन्धित विद्यार्थीहरुलाई छात्रवृत्ति बापतको रकम वितरण गरि भरपाई गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेदः- ४
## विविध

६. अनुगमनः विद्यार्थीहरुलाई प्रादन गरिएको छात्रवृत्ति रकम प्राप्त गरे नगरेको सम्बन्धमा समितिले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुगमन गर्न सक्नेछ ।

७. **कार्यविधिमा संशोधनः** यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

८. **प्रचलित कानुन लागु हुनेः** यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसंग बाँझिएमा प्रचलित कानुनको व्यवस्था लागु हुनेछ ।

९. **बचाउः** यस अघि भए गरेका छात्रवृत्ति वितरण सम्बन्धी कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

नगेन्द्र बहादुर सिंह
अध्यक्ष

फोटो

अनुसुचि-१

(परिच्छेद २ दफा ४ उपदफा १(क) सँग सम्बन्धित)

नरहरिनाथ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुमालगाउँ, कालिकोट

## प्राविधिकधार अध्ययन छात्रवृत्तिको आवेदन फारम

| | |
|---|---|
| १. विद्यार्थीको नामः | २. अध्ययनरत तह/कक्षाः |

३. स्थायी ठेगानाः

| | | |
|---|---|---|
| ४. लिङ्गः | 5. जन्म मितिः | ६. अपाङ्ग भएमा वर्ग खुलाउनेः |

७. जाति/जनजातीः (क) ब्राम्हण/क्षेत्री (ख) जनजाती (ग) दलित (घ) अन्य

८. अध्ययनरत विद्यालय वा शिक्षालयको नामः

९. अध्ययनरत विद्यालय वा शिक्षालयको किसिमः (क) सामुदायीक (ख) संस्थागत, गुठि (घ) वा अन्य

| | |
|---|---|
| १०. सम्पर्क फोनः | ११. परिचयपत्र नम्बर र किसिमः |
| १२. बुवाको नामथरः | १३. आमाको नामथरः |

१४. बुवा आमाको अवस्थाः (क) दुवै भएको (ख) बुवा भएको आमा नभएको (ग) आमा भएको बुवा नभएको (घ) दुवै नभएको

15. SEE/BLE को ग्रेडः (SEE नगरेकोले मात्र BLE को लेखे )

१६. पारिवारीक प्रमुख आएस्रोतः क. कृषि ख. रोजगारी ग. घरभाडा घ. व्यापार ङ. वैदेशिक आय रु.

१७. छात्रावृत्ती फारम भरेको समुहः क. जेहेनरदार/खुला ख. महिला ग. जनजाती घ. दलित ङ. अपाङ्गता

| निवेदक<br>सम्वन्धित विद्यार्थीकोः | सिफारिस गर्ने<br>अध्ययनरत शिक्षण संस्थाको प्र.अ.को | प्रमाणित गर्ने<br>शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख/ वा अधिकृतको |
|---|---|---|
| नामः | नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः |



नरहरिनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुमालगाउँ, कालिकोट कर्णाली प्रदेश, नेपाल २०७४

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| सम्पर्क नः | सम्पर्क नं | सम्पर्क न |

विद्यालयको छाप

| प्रमाणित गर्नेको दस्तखत | गाउँपालिकाले भर्ने | गाउँपालिकाको छाप |
|---|---|---|
| | फारम दर्ता नम्बरः | |
| | फारम दर्ता मितिः | |
| | फरम दर्ता गर्नेको नामः | |
| | फारम दर्ता गर्नेको हस्ताक्षरः | |

<u>फाराम साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरुः (कागजात अपुग भएमा फाराम दर्ता गर्न नसकिने)</u>

१. विद्यार्थीकाको नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी
२. सम्बन्धीत कक्षामा अध्ययन गर्दै गरेको विद्यार्थी परिचयपत्रको प्रतिलिपी
३. अपाङ्गताको लागि आधिकारीक निकायबाट प्रदान गरिएको अपाङ्ग परिचयपत्रको प्रतिलिपी
४. आमा वा बुवा वा दुबै नभएको वा अतिविपन्न भए सम्बन्धित वडाबाट आमा बावु वा दुबै नभएको भनि प्रमाणित गरिएको सक्कल सिफारिस पत्र
५. आदिबासी/जनजातीको लागी उक्त जाती हो भनेर आधिकारीक निकायबाट प्रमाणित पत्रको प्रतिलिपी (नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत नभएकाहरुका लागी मात्र)
६. दलितको हकमा उक्त थर भएको व्यक्ति दलित जाती हो भनेर आधिकारीक निकायबाट प्रमाणित पत्रको प्रतिलिपी (दलित आयोगमा सुचिकृत नभएकाहरुका लागी मात्र)
७. मुक्तकम्लहरीको हकमा आधिकारीक निकायबाट जारी गरिएको परिचय पत्रको प्रमाणित प्रतिलिपी
८. SEE/BLE उत्तिर्ण प्रमाणपत्रको प्रतिलिपी ।

जगेन्द्र बहादुर सिंह
अध्यक्ष



CamScanner

## अनुसुचि-२

## प्राविधिक छात्रवृत्ति प्रदान गर्ने आधारहरु

**(परिच्छेद ३ दफा ५ को उपदफा (क) सँग सम्बन्धीत)**

प्राविधिक छात्रवृत्ति प्रदान गर्ने आधारहरु

| क्र.सं. | छात्रवृत्ति प्रदान गर्ने वर्गहरु | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | जेहेन्दार/खुला | ४५% | कुल माग संख्याको ४५% हुने |
| २ | महिला | २८ | |
| ३ | खस आर्य | २२ | |
| ४ | आदिवासी/जनजाती | १५ | |
| ५ | दलित | १७ | |
| ६ | अपाङ्ग | ९ | |
| ७ | मुस्लिम | ९ | |
| जम्मा: | | १०० | |

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

अनुसुचि-३

**प्राविधिक छात्रवृत्ति प्रदान गर्नका लागी विद्यार्थी छनौटको मुल्याङ्कन फाराम**

**(परिच्छेद ३ दफा ५ को उपदफा (घ) सँग सम्बन्धीत)**

| क्र.सं. | मुल्याङ्कनका आधारहरु | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | अध्ययनरत संस्था | २० | | |
| क | सामुदायिक | २० | | |
| ख | गुठि | १८ | | |
| ग | संस्थागत | १५ | | |
| घ | अन्य | १२ | | |
| २ | बुवा आमाको अवस्था | २० | | |
| क | बुवा आमा दुबै नभएको | २० | | |
| ख | आमा भएको बुवा नभएको | १८ | | |
| ग | बुवा भएको आमा नभएको | १५ | | |
| घ | बुवा आमा दुबै भएको | १२ | | |
| ३ | परिवारको प्रमुख आयस्रोत | २० | | |
| क | कृषि | २० | | |
| ख | वैदेशिक आय | १८ | | |
| ग | घरभाडा | १६ | | |
| घ | व्यापार | १४ | | |
| ङ | रोजगारी | १२ | | |
| ४ | SEE/BLE को ग्रेड | २० | | |
| क | ३.६ वा सो भन्दा माथी | २० | | |
| ख | २.८ देखि ३.५९ सम्म | १७ | | |
| ग | २.० देखि २.७९ सम्म | १४ | | |
| घ | २.० भन्दा कम | ११ | | |
| ५ | अन्तरवार्ता | २० | | |
| जम्मा | | १०० | | |

नरहरिनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुमालगाउँ, कालिकोट कर्णाली प्रदेश, नेपाल २०७४

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

आज्ञाले
भलाराम पंगाली
प्रमुख प्रशासकीय अधिकृत

CamScanner